"समुन्नत, सुरक्षित र वातावरणमैत्री सुन्दर शहरः सुशासनयुक्त पर्यटकीय र समृद्ध तिलोत्तमा नगर"

# तिलोत्तमा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

"अन्तर्राष्ट्रिय गुणस्तर ९००१:२०१५ प्रमाणित नगरपालिका"

प.सं.: ०८२/८३
च.नं.: ३२०

मिति-२०८२-०४-३०

श्री वडा कार्यालयहरु (१-१७) सबै
तिलोत्तमा नगरपालिका ।

बिषय : जानकारी सम्बन्धमा ।

प्रस्तुत बिषयमा भूमि समस्या समाधान आयोग केन्द्रीय कार्यालय, ताहाचल काठमाडौंबाट मिति २०८२-०४-३० गते प्रकाशित सूचना अनुसार बिगतका आयोग, समिति, र कार्यदलका बाँकी काम सम्पन्न गर्नको लागि निबेदन दिने सम्बन्धमा ३५ दिने सुचना जारि भए बमोजिम २०७७-०१-०१ भन्दा अगाडी प्रचलित कानून बमोजिम नेपाल सरकारले गठन गरेका आयोग कार्यदल र समितिबाट बितरण गरेका जग्गाहरुको स्वामित्व वा दर्ता श्रेस्ता वा नक्सा प्रमाणित लगायतका बिषयमा कुनै समस्या भए आबश्यक प्रमाण कागजात सहित बिगतका आयोग समिति र कार्यदलका बाँकी काम सम्पन्न गर्ने सम्बन्धि कार्यविधि,२०८१ को अनुसूची २ बमोजिमको ढाँचामा भूमि समस्या समाधान आयोग जिल्ला समिति रुपन्देहीको सचिवालयको कार्यालयमा निबेदन पेश गर्नको लागि सम्बन्धित व्यक्तिहरुलाई सूचना जारी गर्नका लागि अनुरोध छ ।

थप जानकारीका लागि -

किरण एम सी (सर्भेक्षक)

सम्पर्क:९८६९४८२६४०

०८२/४/३०
इन्द्र दत्त सापकोटा
राजश्व अधिकृत



Scanned with CamScanner

नेपाल सरकार

# भूमि समस्या समाधान आयोग

ताहाचल, काठमाडौं ।

फोन नं. ०१-५३१३९३२/५३१३९३६

## विगतका आयोग, समिति र कार्यदलका बाँकी कामको लागि निवेदन दिने सम्बन्धी अन्तिम पटकको ३५ (पैंतीस) दिने सूचना

**प्रकाशित मिति : २०८२/०४/३०**

मिति २०७७/०१/०१ भन्दा अगाडि प्रचलित कानून बमोजिम नेपाल सरकारले गठन गरेका आयोग, कार्यदल र समितिबाट वितरण गरेका जग्गाहरूको स्वामित्व वा दर्ता स्रेस्ता वा नक्सा प्रमाणित लगायतका विषयमा कुनै समस्या भए आवश्यक प्रमाण कागजातसहित विगतका आयोग, समिति र कार्यदलका बाँकी काम सम्पन्न गर्ने सम्बन्धी कार्यविधि, २०८१ को अनुसूची २ बमोजिमको ढाँचामा यस आयोगको सम्बन्धित जिल्ला समितिको सचिवालयमा मिति २०८२/०४/३० देखि ३५ (पैंतीस) दिनभित्र निवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

---

नेपाल सरकार

# भूमि समस्या समाधान आयोग

ताहाचल, काठमाडौं ।

## भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले निवेदन दिने सम्बन्धी पैंतीस (३५) दिने सूचना ।

**(अन्तिम पटकको सूचना प्रकाशन मिति : २०८२/०४/३०)**

भूमि समस्या समाधान आयोगले भूमिहीन दलित तथा भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने प्रयोजनका लागि कार्य सहमतिपत्र अनुसार सम्झौता भइसकेका सम्पूर्ण स्थानीय तहका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले जग्गा प्राप्त गर्नका लागि आयोगले तोकेको ढाँचा बमोजिम निवेदन फाराम भरी मिति २०८२/०४/३० देखि ३५ दिनभित्र स्थानीय तहबाट वडाका तोकिएका स्थानहरूमा खटिएका लगत संकलक मार्फत पेश गर्नु हुन यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

Scanned with CamScanner

“समुन्नत, सुरक्षित र वातावरणमैत्री सुन्दर शहरः सुशासनयुक्त पर्यटकीय र समृद्ध तिलोत्तमा नगर”

# तिलोत्तमा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

“अन्तर्राष्ट्रिय गुणस्तर ९००१:२०१५ प्रमाणित नगरपालिका”

प.सं.: ०८२/८३
च.नं.: ३२०

मिति-२०८२-०४-३०

श्री वडा कार्यालयहरु (१-१७) सबै
तिलोत्तमा नगरपालिका ।

बिषय : जानकारी सम्बन्धमा ।

प्रस्तुत बिषयमा भूमि समस्या समाधान आयोग केन्द्रीय कार्यलय, ताहाचल काठमाडौंले भूमिहीन दलित तथा भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउन र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने प्रयोजनका लागि कार्य सहमतिपत्र अनुसार सम्झौता भइसकेका सम्पूर्ण स्थानीय तहका हितमा लगत संकलन फारम भर्नको लागि अन्तिम पटकको लागि मिती २०८२/०४/३० गते ३५ दिने सुचना प्रकाशन भएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

०८२/४/३०
इन्द्र दत्त सापकोटा
राजश्व अधिकृत

थप जानकारीका लागि -

किरण एम सी (सर्भेक्षक)

सम्पर्क:९८६९४८२६४०

मणिग्राम, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल
Phone No.:071-562979, Email: tilottamamun@gmail.com, Website: www.tilottamamun.gov.np
Manigram, Rupandehi

Scanned with CamScanner